## आफ्नै शक्तिशाली...

**सरकारी निर्णय र कार्यशैलीविरुद्ध असन्तुष्टिदेखि...**

खर्च कटौतीका नाममा हटाइएको व्यवस्था पुनः ब्युँताउनु गलत भएको भन्दै उनीहरूले माइतीघरमा प्रदर्शन गरे । यो विषय सर्वोच्च अदालतमा विचाराधीन छ । त्यस्तै, २ असारको सचिवस्तरीय बैठकले प्रधानमन्त्री कार्यालयको स्वीकृतिबिना स्थायी पदपूर्ति नगर्ने र लोकसेवा आयोगमा माग नपठाउने निर्णय गरेपछि लोकसेवा तयारी गरिरहेका विद्यार्थीसमेत आन्दोलनमा उत्रिए । यी घटनाले सरकारका निर्णयको प्रत्यक्ष असर भोग्ने समूहले सडकलाई नै दबाबको माध्यम बनाइरहेको देखाउँछन् ।

**परिस्थितिले पनि जन्माइरहेको छ सडक आन्दोलन**

सबै आन्दोलन सरकारका निर्णयका कारण मात्रै भएका छैनन् । कतिपय आन्दोलन परिस्थितिजन्य र घटनाक्रमबाट जन्मिएका छन् । २५ असारमा राहदानी विभागअगाडि आत्मदाह गरेका मुगुको सोरु गाउँपालिका-१ का २५ वर्षीय गणेश नेपालीको उपचारका क्रममा भोलिपल्ट वीर अस्पतालमा मृत्यु भयो । घटनापछि पीडित परिवारको न्यायको मागसँगै राजनीतिक आरोप-प्रत्यारोप पनि चर्कियो । सडकदेखि सदनसम्म सरकारमाथि प्रश्न उठ्यो । आन्दोलन थप चर्किँदै गएपछि सरकार र पीडित पक्षबीच वार्ताबाट प्रकरण टुंगिएको छ । त्यसपछि पनि आत्मदाहका आधा दर्जन हाराहारी घटना भइसकेका छन् । यसले सामाजिक तथा आर्थिक असन्तुष्टिको गहिराइसमेत देखाएको छ ।

११ साउनदेखि सुनसरीको देवानगन्ज-३ कप्तानगन्जबाट सुरु भएको २ समूहबीचको विवादले पनि सरकारलाई ठुलो चुनौती दियो । सुनसरीसँगै जनकपुर, सर्लाही र सप्तरीसम्म फैलिएको तनावमा सुनसरीमा ३ र सिरहामा १ जनाको मृत्यु भयो । दर्जनौं घाइते भए । स्थिति नियन्त्रणमा लिन प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले सम्बोधन गर्नुपऱ्यो भने गृहमन्त्री सुधन गुरुङ स्वयं सुनसरी पुग्नुपऱ्यो । सामान्य विवाद धार्मिक द्वन्द्वतर्फ जाने जोखिमसमेत देखिएको थियो । सडकमा चर्को आन्दोलन र हिंसात्मक गतिविधिपछि सो प्रकरण साम्य भएको छ ।

**सरकारले विश्वास गुमाउँदै छ कि राजनीतिक दाउपेच बढ्यो ?**

राजनीतिक विश्लेषक ईश्वरीप्रसाद कँडेल सरकारका प्रतिबद्धताअनुसारको डेलिभरी नआउँदा जनता सडकमा आएको बताउँछन् । तर, राजनीतिक तथा आर्थिक परिवेशका कारण सरकारका सबै बाचा तत्काल पूरा हुने अवस्था नरहेको उनको भनाइ छ । 'जनताको अपेक्षा र सरकारको डेलिभरीबीच तालमेल नमिलेका कारण जनता असन्तुष्ट भइरहेका छन्,' उनी भन्छन् । यही असन्तुष्टि सरकारका लागि सबैभन्दा ठुलो चुनौती हो । करिब दुईतिहाइ जनमत पाएको सरकारसँग जनताको अपेक्षा पनि त्यही अनुपातमा ठुलो छ । तर, राज्य संयन्त्र पुरानै, कार्यशैली पुरानै र परिणाम निकाल्ने गति अपेक्षाअनुसार नभए जनमतको आकार नै सरकारका लागि दबाब बन्न सक्छ ।

अहिलेको प्रश्न आन्दोलन किन भइरहेको छ भन्ने मात्र होइन, नयाँ सरकार भएर पनि नागरिकले आफ्ना कुरा सुनाउन पुरानै शैलीको सडक किन रोज्नुपरिरहेको छ ? भन्ने हो । सरकारले कार्यशैली बदल्दै नागरिकसँगको संवाद र सुनुवाइको संयन्त्र बलियो बनाउन सकेन भने 'नयाँ सरकार पनि नाममात्रैको' भन्ने भाष्य बन्न समय नलाग्ने विश्लेषकहरू बताउँछन् ।

**नयाँ सरकार, माग पुरानै**

त्यसैगरी, मिटरब्याज पीडितहरू पनि तराईका विभिन्न जिल्लादेखि काठमाडौंसम्म आएर आन्दोलन गरिरहेका छन् । जातीय छुवाछूत तथा विभेदविरुद्धको कानुनमा कडाइको माग राख्दै दीपा नेपाली ११७ दिनदेखि 'सरकार, कोठा खाली छ ?' भन्दै माइतीघरमा उभिइरहेकी छिन् । सरकारका प्रतिनिधि भेट्न पुगे पनि माग पूरा हुने सुनिश्चितता नदिएको उनको गुनासो छ । राजसंस्था पुनर्स्थापनाको मागसहित केही समय सडकमा चलेको हस्ताक्षर अभियानदेखि राइड सेयरिङ चालकको आन्दोलनसम्मले पनि सरकारलाई निरन्तर दबाबमा राखेको छ । पछिल्लो पटक २० साउनमा सुरु भएको राइड सेयरिङ आन्दोलन वार्तापछि स्थगित भएको छ ।

## पक्राउ पर्न...

उनलाई विमानस्थलबाट धुम्बाराहीस्थित निवासमम्म कार्यकर्ताले स्कर्टिङ गर्ने जनाइएको छ ।

**राष्ट्रिय भेलाको प्रमुख अतिथि देउवा**

इतर पक्षले राखेको राष्ट्रिय भेलाको उद्घाटन समारोहको प्रमुख अतिथि देउवालाई नै बनाउने तयारी गरिएको छ । पार्टी विभाजनसम्मको तयारी स्वरुप राखिएको भेलामा देउवाको आतिथ्यलाई राजनीतिक रूपमा निकै महत्वका साथ हेरिएको छ । राष्ट्रिय भेलाको उद्घाटन भोलि दिउँसो १ बजे सुकेधारास्थित मिराकल पार्टी प्यालेसमा गर्ने तय भएको छ ।

**देउवा पक्राउ पर्ने सम्भावना कति ?**

गत वर्ष १३ चैतमा बालेन शाह नेतृत्वको सरकार बनेयता शीर्ष नेताहरू पक्राउको शृंखला नै चलेको छ । त्यस्तै नेताहरूमाथि सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा छानबिनसमेत भइरहेको छ । भ्रष्टाचारविरुद्धको छानबिनमा निर्ममतापूर्वक प्रस्तुत हुने सरकारको नीति छ । पुराना दलका शीर्ष नेताहरूमाथिको छानबिनलाई प्राथमिकतामा राखेको सरकारले देउवा, उनकी पत्नी र छोरामाथि सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा छानबिन अघि बढाएको छ । सम्पत्ति शुद्धीकरण विभागले बूढानीलकण्ठस्थित जीर्ण निवासअगाडि उनीहरूको परिवारको नाममा हाजिर हुन आउन सूचनासमेत टाँस गरेको थियो । यसर्थ देउवालाई स्वदेश फर्किनासाथ प्रहरीले पक्राउ गर्ने हो कि भन्ने आशंका पनि इतर पक्षीय कांग्रेसमा छ ।

देउवा स्वयंले पनि गत हप्ता विज्ञप्ति जारी गर्दै आफू स्वदेश फर्किन लागेको र आफूमाथि धरपकड हुन सक्ने भन्दै आशंका व्यक्त गरेका थिए । धरपकडको आशंकाकै बीच उनी स्वदेश फर्किएर इतर कांग्रेसलाई नयाँ गति दिन लागिपरेका छन् । इतर पक्षीय कांग्रेस नेताहरूले देउवा पक्राउ नपर्ने दाबी गरेका छन् । संस्थापन पक्षकै कतिपय नेताहरूले कांग्रेसलाई विभाजित गराउने उद्देश्य स्वरुप देउवालाई सरकार स्वयंले रेड कार्पेट बिछ्याएको आरोप पनि लगाइरहेका छन् । उनी पक्राउ पर्ने वा नपर्ने भन्ने विषय सुरक्षा संयन्त्रले समेत गोप्य राखेको छ ।

**पूर्णबहादुरलाई भेलाको निम्तो दिन गोल्फुटार पुगे शशांक**

राष्ट्रिय भेला आयोजक समितिका संयोजक डा. शशांक कोइरालाले पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग भेटवार्ता गरेका छन् । कोइरालाले बुधबार बिहान खड्का निवास गोल्फुटार पुगेर भेटवार्ता गरेका हुन् । भेटका क्रममा कोइरालाले खड्कालाई राष्ट्रिय भेलामा सहभागी हुन निमन्त्रणा गरेको जनाइएको छ । खड्काले पनि भेलामा आफू उपस्थित हुने प्रतिबद्धता जनाएका छन् । राष्ट्रिय भेलाको मुखमा भएको २ नेताहरूको भेटवार्तालाई महत्वका साथ हेरिएको छ ।

## राजदूत नियुक्तिमा...

**सकियो सर्ट लिस्टिङ, उपयुक्त नाम छानेर सिफारिस गर्ने तयारी**

राजदूत नियुक्तिका लागि खुला गरिएको आवेदनमा करिब २ हजार ६०० वटा आवेदन र सिफारिस परेका थिए । परराष्ट्र स्रोतका अनुसार १ हजार ८०० हाराहारी आवेदन र ८०० सय जति सिफारिस परेका थिए । अहिले ती आवेदन र सिफारिसबाट सर्ट लिस्टिड गर्ने काम सकिएको छ । सम्बन्धित व्यक्तिहरूसँगै सम्पर्क गरेर आवेदनबारे बुझिएको र सर्ट लिस्टमा परेकाहरूबाट उपयुक्त नाम छानेर सिफारिसका लागि मन्त्रिपरिषद् पठाउने तयारीमा परराष्ट्र मन्त्रालय छ । सर्ट लिस्टमा परेका नाम सार्वजनिक नगरी राजदूत सिफारिस भएपछि मात्र नाम सार्वजनिक गरिने मन्त्रालयले जनाएको छ । पहिलो पटक खुला प्रतिस्पर्धामार्फत राजदूत छनोट गर्न लागिएकाले पनि केही अलमल भएको मन्त्रालयका एक कर्मचारी बताउँछन् ।

त्यस्तै, गत असारमै परराष्ट्रले करिअर डिप्लोम्याटतर्फ मन्त्रालयका ५ जना कर्मचारी कुमार खरेल, भृगु ढुंगाना, गणेश ढकाल, दिलीप पौडेल र विष्णु गौतमको नाम राजदूत नियुक्तिका लागि सिफारिस गरेको थियो । तर, उक्त सिफारिस पनि अहिलेसम्म टुंगो लाग्न सकेको छैन, ती नामहरू मन्त्रिपरिषद्मै थन्किएका छन् । केही महत्वपूर्ण देश अर्थात् भारत र संयुक्त राष्ट्रसंघका भिटो राष्ट्रहरूमा करिअर डिप्लोम्याटभन्दा पनि सरकारले छानेका व्यक्तिलाई नै पठाउनुपर्ने सुझावका कारण पनि उनीहरूको नाम रोकिएको बताइएको छ । यसमा आवेदनमार्फत आएका नाम र डिप्लोम्याटतर्फका नामलाई एकै ठाउँमा राखेर उपयुक्त दूतावासमा खटाउने गरी एकै पटक निर्णय हुने परराष्ट्रले जनाएको छ । राजदूत नियुक्ति राजनीतिक र करिअर दुवैतर्फबाट गर्ने कानुनी व्यवस्था छ । अहिले दुवैतर्फबाट २१ जनालाई नियुक्त गर्न लागिएको हो ।

## राजनीतिक परिवर्तनको...

**मुलुककै पहिलो ऐतिहासिक उद्योग**

१९९३ सालमा स्थापना भएको विराटनगर जुट मिल मुलुककै पहिलो ऐतिहासिक उद्योग हो । यो उद्योग २०६६ देखि पूर्ण रूपमा बन्द छ । भारतका तत्कालीन जुट व्यापारी राधाकृष्ण चिमडियाको प्राविधिक सहयोगमा रामलाल गोल्छा र कृष्णप्रसाद कोइरालाको सक्रियतामा मिल स्थापना भएको इतिहास छ । चरम राजनीतिक हस्तक्षेपका कारण उद्योग धराशायी भएपछि चल्न नसक्ने अवस्थामा बन्द गरिएको बताइन्छ । मिल स्थापनापछि औद्योगिक गतिविधि विस्तार हुँदै निर्यात व्यापारको ढोका खुलेको थियो । २००७ सालको प्रजातन्त्र प्राप्तिको आन्दोलनमा समेत उद्योगको महत्वपूर्ण योगदान थियो । प्रजातन्त्र प्राप्तिका लागि सुरुआती आन्दोलनको प्रमुख थलोका रूपमा यसलाई लिइन्छ ।

सरकारको ६८ प्रतिशत स्वामित्व रहेको मिल सरकारी उदासीनता र राजनीतिक भर्ती केन्द्रमा परिणत हुँदा अस्तित्व गुमाएको अर्थविद्हरू बताउँछन् । मिलको अर्बौंको अचल सम्पत्ति अहिले बेवारिस अवस्थामा छ । २०४७ सालको राजनीतिक परिवर्तनपछि जुट मिलमा विकृति बढ्न थालेको हो । २०४८ सालयता बनेका हरेक सरकारले आफ्ना नेता तथा कार्यकर्ता भर्ती गर्दा उद्योग टाट पल्टिएको आरोप छ । राजनीतिक पहुँचका आधारमा नियुक्त सञ्चालक समितिले मिल चलाउनुभन्दा आर्थिक भार थप्ने काम गरेको आरो पसमेत लाग्दै आएको छ ।

२०५२ सालअघि वार्षिक करिब २८ करोड नाफामा रहेको मिल त्यसपछिका १६ वर्षमा निरन्तर ओरालो लाग्दै बन्द भएको हो । दैनिक ४५ टन जुटका तयारी सामान उत्पादन गर्ने मिल २०५२ सालपछि राजनीतिक भर्ती केन्द्रमा परिणत भएसँगै उत्पादन घट्दै गएको थियो । २०४८ पछि सरकार परिवर्तनसँगै सञ्चालक समिति पनि फेरिँदै गए । २०५१ देखि २०६६ सम्म निरन्तर ओरालो लागेको मिल अन्ततः बन्द भयो । जुट मिलको नाममा अहिले पनि ६९ बिघा जमिन छ । उक्त जग्गा पनि विभिन्न बहानामा मास्ने प्रयास भइरहेको स्थानीय बताउँछन् । मिलको ९३ हजार ७५० कित्ता सेयर मध्ये सरकारको नाममा ३१ हजार २३ कित्ता र सर्वसाधारणको नाममा ६२ हजार ७२७ कित्ता छ । कुनै समय वार्षिक २८ करोडसम्म नाफा कमाउने मिलको नाममा अहिले अर्बौं ऋण छ । करोडौं कर तिर्न बाँकी रहेको उद्योगले कामदारको पारिश्रमिकबापत २ करोडभन्दा बढी भुक्तानी गर्न बाँकी छ ।

**राजनीतिक अस्थिरतादेखि बजारसम्मको मार**

जुट मिल बन्द हुनुमा राजनीतिक हस्तक्षेपसँगै अन्य कारण पनि जोडिएका छन् । राजनीतिक अस्थिरता, बिजुली संकट, बन्द-हडताल, चन्दा आतंक र बाह्य बजारमा माग घट्नुले मिल बन्द हुन पुगेको अर्थविद्हरू बताउँछन् । छिमेकी मुलुकले आफ्ना उत्पादनमा थप सहुलियत दिन थालेपछि नेपालमा सस्तो आयात बढ्दा स्वदेशी उद्योगसमेत प्रभावित भएको उनीहरूको भनाइ छ । विराटनगर जुट मिल सञ्चालन गर्न सकिने वा नसकिनेबारे सरकारले गठन गर्ने कार्यदलले अध्ययन गर्नेछ ।

पूर्वी नेपालको जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेलेको यो उद्योग बन्द भएपछि जुट खेतीसमेत निरन्तर खुम्चिएको छ । मिल खुल्नुअघि नेपालमा उत्पादित जुट भारतको बिहार र पश्चिम बंगाल निकासी हुने गरेको इतिहास छ । पछि नेपालमै जुट मिल खुलेसँगै जुट उत्पादन मुख्य आयआर्जनको स्रोत बनेको थियो । २०४५ सालसम्म नेपालमा ५० हजार हेक्टर जग्गामा जुट खेती हुने गरेको तथ्यांक छ । मुख्य जुट मिल बन्द भएपछि खेती पनि क्रमशः घट्दै १० हजार हेक्टरभन्दा कममा खुम्चिएको छ । कृषि क्षेत्रका अधिकारीहरूका अनुसार उत्पादन लागत बढ्नु र किसानले उचित मूल्य नपाउनु जुट खेती घट्नुका मुख्य कारण हुन् । आम्दानी अपेक्षाअनुसार नहुँदा किसान धानलगायत अन्य बालीतर्फ आकर्षित भएका छन् ।

कुनै समय भारत र बंगलादेशसम्म जुट निर्यात गर्ने नेपालले अहिले भने अर्बौं रुपैयाँको कच्चा जुट आयात गरिरहेको छ । नेपालमा सञ्चालित ६ वटा जुट मिललाई वार्षिक करिब ८० हजार मेट्रिक टन जुट आवश्यक पर्छ । पूर्वी नेपालमा उत्पादित जुटले यसको २५ प्रतिशतमात्र धान्छ । बाँकी आयात गर्नुपर्ने अवस्था छ ।

भन्सार विभागका अनुसार गत आर्थिक वर्ष २०८२/८३ मा भारत र बंगलादेशबाट ५ अर्ब ८७ करोड ७१ लाख २९ हजार रुपैयाँ बराबरको ३४ हजार ३५० मेट्रिक टन कच्चा जुट आयात भएको छ । जसमध्ये भारतबाट ३ अर्ब १७ करोड १३ लाख रुपैयाँ र बंगलादेशबाट २ अर्ब ७० करोड ५५ लाख रुपैयाँ बराबरको कच्चा जुट आयात भएको हो । स्वदेशमा जुट उत्पादन घट्दै गएपछि उद्योग सञ्चालनका लागि भारत र बंगलादेशबाट कच्चा जुट आयातको ग्राफ बर्सेनि बढिरहेको जुट मिल सञ्चालकहरू बताउँछन् ।

---

# गरिमा विकास बैंक लिमिटेड
## Garima Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

**प्रधान कार्यालय : लाजिम्पाट, काठमाण्डौं**

**फोन नं. :** ०१-४५४५४२४/२५/२६/२७/२८/३०, **वेभसाइट :** www.garimabank.com.np

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८३/०४/२८**

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत विभिन्न प्रयोजनको लागि लिएको कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै दस्तुर रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेको हुनाले विकास बैंकलाई कर्जा लिँदाको बखत धितो सुरक्षण स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३" ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरीने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताहरुको हक अंश लाग्ने अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने र नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध पक्षहरुलाई कालोसूचीमा समावेश गराउन कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्यहोरा समेत ऋणी र धन जमानीकर्ताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ । साथै, यसै सूचनालाई आधार मानि ऋणी तथा धन जमानीकर्ताहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण कर्जा राफसाफ गरेमा लिलाम कार्य स्थगित गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| १. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : दुर्गा इन्टरप्राइजेज**<br>फर्मको ठेगाना : मौलापुर न.पा.-४, रौतहट<br>फर्म दर्ता नं. : ११४३८/१०६<br>फर्म दर्ता मिति : २०७८/०४/११<br>फर्मको पान नं. : ६१६१४०३६१<br>फर्म दर्ता निकाय : नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, रौतहट<br>**प्रोप्राईटर/धनजमानीकर्ताको नामः झमनी देवी राउत**<br>पतिको नाम : रामसिहं राउत कुर्मी<br>ससुराको नाम : वनई राउत कुर्मी<br>स्थायी ठेगाना : स. धमौरा-७, रौतहट<br>हालको ठेगाना : बृन्दावन न.पा.-६, रौतहट<br>ना.प्र.नं. : ७१३, जारी मिति : २०६१/०६/२४<br>जारी जिल्ला : रौतहट<br>**कर्जा शीर्षक : साना तथा मझौला अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालय : चन्द्रपुर, रौतहट** | **क) नाम, थरः राम सिहं राउत कुर्मी**<br>बाबुको नाम : वनई राउत कुर्मी<br>बाजेको नाम : कासी राउत<br>स्थायी ठेगाना : सखुअवा धमौरा-७, रौतहट<br>हालको ठेगाना : बृन्दावन न.पा.-६, रौतहट<br>ना.प्र.नं. : ८३९, जारी मिति : २०४४/११/२४<br>जारी जिल्ला : रौतहट<br>**ख) नाम, थरः संतोष पटेल**<br>बाबुको नाम : राम सिंह राउत कुर्मी<br>बाजेको नाम : वनई राउत कुर्मी<br>स्थायी ठेगाना : स. धमौरा-७, रौतहट<br>हालको ठेगाना : बृन्दावन न.पा.-६, रौतहट<br>ना.प्र.नं. : ३२२०८४/३८६३<br>जारी मितिः २०७०/०३/१३, जारी जिल्लाः रौतहट<br>**ग) नाम, थरः चान्दनी पटेल**<br>पतिको नाम : संतोष पटेल<br>ससुराको नाम : राम सिहं राउत कुर्मी<br>स्थायी ठेगाना : गरुडा न.पा-७, रौतहट<br>हालको ठेगाना : बृन्दावन न.पा.-६, रौतहट<br>ना.प्र.नं. : ३२-०६-७८-०२७०१<br>जारी मितिः २०७८/०५/१५, जारी जिल्लाः रौतहट |

**सुरक्षण धितोको विवरण :**

१. भूमि प्रशासन कार्यालय, चन्द्रनिगाहपुर, रौतहटमा झमनी देवी राउतको नाममा दर्ता श्रेस्ता कायम रहेको सखुअवा धमौरा गा.वि.स. वडा नं. ७, रौतहट स्थित कित्ता नं. २४५८ क्षे.फ.०-०-६ भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. भूमि प्रशासन कार्यालय, चन्द्रनिगाहपुर, रौतहटमा राम सिंह राउत कुर्मिको नाममा दर्ता श्रेस्ता कायम रहेको सखुअवा धमौरा गा.वि.स.वडा नं. ७ स्थित कित्ता नं. १७६१ र १७५८ क्षे.फ.०-१-४-० र ०-०-१८-८ भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| २. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : दिपेन्द्र टि भी सेन्टर**<br>फर्मको ठेगाना : भरतपुर म.न.पा.-९, चितवन<br>फर्म दर्ता नं. : ४८०/०७५/०७६, स्थानीय व्यापार<br>फर्म दर्ता मिति : २०७५/०६/१८<br>फर्मको पान नं. : ६०८४५९७९४<br>फर्म दर्ता निकाय : प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवन<br>**प्रोप्राईटर : असिम महतो**<br>**कर्जा शिर्षक : व्यवसायिक आवधिक कर्जा र व्यवसायिक अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालय : गैंडाकोट, नवलपरासी** | **ख) नाम, थर : दिपेन्द्र महतो**<br>बाबुको नाम : ललित राम महतो<br>बाजेको नाम : टइचा महतो<br>स्थायी ठेगाना : गर्दि गा.वि.स.-१, चितवन<br>हालको ठेगाना : भरतपुर म.न.पा.-९, चितवन<br>ना.प्र.नं.: २३/०४४, जारी मितिः २०५६/१२/१५<br>जारी जिल्ला : चितवन<br>**ग) नाम, थर : अमृता महतो**<br>पतिको नाम : दिपेन्द्र महतो<br>ससुराको नाम : ललित राम महतो<br>स्थायी ठेगाना : गर्दि गा.वि.स.-१, चितवन<br>हालको ठेगाना : भरतपुर म.न.पा.-९, चितवन<br>ना.प्र.नं.: १४६८/०६१, जारी मितिः २०६१/०१/१३<br>जारी जिल्ला : चितवन<br>**घ) नाम, थर : मायाराम महतो**<br>बाबुको नाम : ललित राम महतो<br>बाजेको नाम : टइचा महतो<br>स्थायी ठेगाना : गर्दि-१, चितवन<br>हालको ठेगाना : भरतपुर म.न.पा.-९, चितवन<br>ना.प्र.नं.: १३१, जारी मितिः २०४६/०१/१६<br>जारी जिल्ला : चितवन |
| **व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण**<br>**क) नाम, थर : असिम महतो**<br>बाबुको नाम : दिपेन्द्र महतो<br>बाजेको नाम : ललित राम महतो<br>स्थायी ठेगाना : माडी न.पा.-१, चितवन<br>हालको ठेगाना : भरतपुर म.न.पा.-९, चितवन<br>ना.प्र.नं.: ३५२००८/२०, जारी मितिः २०७३/०३/२६<br>जारी जिल्ला : चितवन | |

**नोटः** ऋणी दिपेन्द्र टि भी सेन्टरको **व्यवसायिक आवधिक कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु असिम महतो, दिपेन्द्र महतो, अमृता महतो रहेको र **व्यवसायिक अधिविकर्ष कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु असिम महतो, दिपेन्द्र महतो, अमृता महतो, मायाराम महतो रहेको ।

**सुरक्षण धितोको विवरण :** भूमि प्रशासन कार्यालय, माडी, चितवनमा विकमिया देवी थरुनीको नाममा दर्ता श्रेस्ता कायम रहेको गर्दि गा.वि.स./न.पा. स्थित वडा नं. १ र नक्सा सिट नं. १क को कित्ता नं. १७१ क्षे.फ. ०-१६-० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ३. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : तराई गार्डेन रिर्सोट प्रा.लि.**<br>कम्पनीको ठेगानाः चन्द्रपुर न.पा.-४, रौतहट<br>कम्पनी दर्ता नं.: २७९१०८/०७८/०७९<br>कम्पनी दर्ता मितिः २०७८/०८/२२<br>कम्पनीको पान नं.: ६१०१६७१८०<br>कम्पनी दर्ता निकायः नेपाल सरकार, उद्योग, वाणिज्य तथा अपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं<br>**अख्तियार प्राप्त व्यक्तिः विजय खड्का**<br>**कर्जा शीर्षक : व्यवसायिक आवधिक कर्जा**<br>**शाखा कार्यालय : चन्द्रपुर, रौतहट** | **क) नाम, थरः विजय खड्का**<br>बाबुको नामः शम्शेर बहादुर खड्का<br>बाजेको नामः जब्बर बहादुर खड्का<br>स्थायी ठेगानाः हरिवन न.पा.-११, सर्लाही<br>हालको ठेगानाः चन्द्रपुर न.पा.-४, रौतहट<br>ना.प्र.नं.: ३६४१९८८७<br>जारी मितिः २०५०/०५/०९, जारी जिल्लाः सर्लाही<br>**ख) नाम, थर : अमुल राणा**<br>पतिको नामः विजय खड्का<br>ससुराको नामः शम्शेर बहादुर खड्का<br>स्थायी ठेगानाः हरिवन गा.वि.स.-५, सर्लाही<br>हालको ठेगानाः चन्द्रपुर न.पा.-४, रौतहट<br>ना.प्र.नं.: ३६४१०४८९<br>जारी मितिः २०५५/११/२७, जारी जिल्लाः सर्लाही |

**सुरक्षण धितोको विवरण :**

१. भूमि प्रशासन कार्यालय, चन्द्रनिगाहपुर, रौतहटमा विजय खड्काको नाममा दर्ता श्रेस्ता कायम रहेको चन्द्रनिगाहपुर गा.वि.स.वडा नं. १ रौतहट स्थित कित्ता नं. ८९५९, ८९६४, ८९६२ क्षेत्रफल ०-०-८-०, ०-०-८-४ र ०-०-८-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. भूमि प्रशासन कार्यालय, चन्द्रनिगाहपुर, रौतहटमा अमुल राणाको नाममा दर्ता श्रेस्ता कायम रहेको चन्द्रनिगाहपुर गा.वि.स.वडा नं. १ रौतहट स्थित कित्ता नं. ८९६५, ८९६०, ८९६३ क्षेत्रफल ०-०-८-४, ०-०-१२-० र ०-१-२-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ४. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : महमद वाजिल मिया**<br>बाबुको नाम : महमद वासिल मिया<br>बाजेको नाम : रहमान मिया<br>स्थायी ठेगाना : विराटनगर-११, मोरङ<br>हालको ठेगाना : विराटनगर म.न.पा.-८, मोरङ<br>ना.प्र.नं. : २८३१<br>जारी मिति : २०४९/०३/१२, जारी जिल्ला : मोरङ<br>**कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**<br>**शाखा कार्यालय : विराटनगर, मोरङ** | **क) नाम, थर : नजमुन खातुन**<br>पतिको नाम : महमद वाजिल मिया<br>ससुराको नाम : महमद वासिल मिया<br>स्थायी ठेगाना : विराटनगर उ.म.न.पा.-११, मोरङ<br>हालको ठेगाना : विराटनगर म.न.पा.-८, मोरङ<br>ना.प्र.नं. : १०८३७<br>जारी मिति : २०६५/११/२६<br>जारी जिल्ला : मोरङ<br>**ख) नाम, थर : मो. सराजुल हुसेन**<br>बुवाको नाम : महमद वाजिल मिया<br>बाजेको नाम : महमद वासिल मिया<br>स्थायी ठेगाना : विराटनगर म.न.पा.-८, मोरङ्ग<br>हालको ठेगाना : विराटनगर म.न.पा.-८, मोरङ्ग<br>ना.प्र.नं. : ०५-०१-७५-०२२९७<br>जारी मिति : २०७५/०२/२१<br>जारी जिल्ला : मोरङ |
| **सुरक्षण धितोको विवरण**<br>भूमि प्रशासन कार्यालय, विराटनगर, मोरङमा महमद वाजिल मियाको नाममा दर्ता श्रेस्ता कायम रहेको विराटनगर उ.म.न.पा. स्थित वडा नं. ६ को कित्ता नं. ३४३८ र २३१५ क्षे.फ. ०-०-५ र ०-०-१० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

| ५. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : गोर्खा ज्वेलर्स**<br>फर्मको ठेगाना : भरतपुर म.न.पा.-१०, चितवन<br>फर्म दर्ता नं. : १३४६/२०७७/२०७८, स्थानीय व्यापार<br>फर्म दर्ता मिति : २०७७/१०/१६<br>फर्मको पान नं. : ६१५१०७७२७<br>फर्म दर्ता निकाय : प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, भरतपुर चितवन, नेपाल<br>**प्रोप्राईटर : सुनिता बि.क.**<br>**कर्जा शिर्षक : साना तथा मझौला अधिविकर्ष कर्जा र स्थाई चालु पुँजी कर्जा**<br>**शाखा कार्यालय : शिवनगर, चितवन** | **क) नाम, थर : सुनिता बि.क.**<br>पतिको नाम : हितेश सिरपाली<br>ससुराको नाम : धन बहादुर सिरपाली<br>स्थायी ठेगाना : माकर गा.वि.स.-४, नवलपरासी<br>हालको ठेगाना : भरतपुर म.न.पा.-१०, चितवन<br>ना.प्र.नं. : ३६३०५५/४६<br>जारी मिति : २०७०/०२/१७<br>जारी जिल्ला : नवलपरासी<br>**ख) नाम, थर : हितेश सिरपाली**<br>बाबुको नाम : धन बहादुर सिरपाली<br>बाजेको नाम : तेज बहादुर सिरपाली<br>स्थायी ठेगाना : मल्कबाङ गा.वि.स-२, म्याग्दी<br>हालको ठेगाना : भरतपुर म.न.पा.-१०, चितवन<br>ना.प्र.नं. : ४९१०२२/१८८५५<br>जारी मितिः २०६७/०५/०७, जारी जिल्लाः म्याग्दी |

**सुरक्षण धितोको विवरण :**

१. भूमि प्रशासन कार्यालय, चितवनमा सुनिता वि.क.को नाममा दर्ता श्रेस्ता कायम रहेको भरतपुर न.पा. ४ स्थित कित्ता नं. ६२०८ को क्षे.फ. ११०.०५ व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. भूमि प्रशासन कार्यालय, चितवनमा सुनिता वि.क.को नाममा दर्ता श्रेस्ता कायम रहेको पदमपुर गा.वि.स. स्थित वडा नं. ८ र नक्सा सीट नं. 